# "आत्मिक वचनहरू"

मानिसको जीवनमा आईपर्ने विशेष कठिनाई अनि विभिन्न समस्याहरूको समाधान गर्नलाई जीवित वचन (परमेश्वरको वचन) नै सर्वश्रेष्ठ र अचूक आत्मिक औषधिहरू हुन् । यसरी जीवनदान दिने यी जीउँदो वचनहरूले विभिन्न समस्याहरूलाई निरन्तर समाधान हुने दिशातिर डोऱ्याउदै कठिनाईहरू र समस्याहरूलाई विस्तार-विस्तार समाधान गर्दछन् ।

जब-जब मलाई दुःख समस्या र कठिनाईहरूले सताउँछ र मेरो वरिपरी अन्धकारले घेर्छ तब मैले यी कुराहरू सिकेको छु र मेरो यस्तो अवस्थामा परमेश्वरको जीवित वचनहरूलाई मैले मेरो प्रथम आश्रयको स्थान र आधार मानेर म मेरो आत्मा शरीर र प्राणलाई यस वचनहरूको बसमा राख्दछु । मैले यस कुरालाई राम्ररी निहालेर मनन गरेको छु । जहाँ यस जीवित वचनहरूले मेरो अवस्थाहरूलाई परिवर्तन गरेका छन् । मेरो वातावरणहरूलाई बद्लेका छन् । मेरा धारणालाई सुधारेका छन् । अनि मेरो सबै त्राश र डरहरूलाई प्रभु येशूमा विनयी बनाएका छन् ।

समयलाई बचत गर्नुहोस् अनि यी "जीवित वचनहरू" पढ्नुहोस् । निश्चय यी वचनहरूले तपाईलाई धोई शुद्ध पार्दै, नौलो रूपदिएर सँधै ताजा पार्नेछ । प्रार्थना गरेर केही चर्को स्वरले यी वचनहरू आफै पढ्नुहोस्- जसमा परमेश्वरले तपाईको बारेमा के भन्नु हुन्छ ।

पवित्रशास्त्र बाइबलमा यस्तो लेखिएका छन् । मेरो स्वर्गीय पिताले मलाई व्यक्तिगत जीवनमा पवित्र आत्माद्वारा सिकाउनु हुन्छ ।

| | |
|---|---|
| मती ५:१३ | म संसारको नून हुँ । |
| मती ५:१४ | म संसारको ज्योति हुँ । |
| यूहन्ना ३:१६ | परमेश्वरले मलाई प्रेम गर्नु हुन्छ । |
| यूहन्ना ३:१६ | ममा अनन्तको जीवन छ । |
| यूहन्ना १४:२१ | प्रभु येशूले मलाई प्रेम गर्नु हुन्छ । |

| | |
|---|---|
| यूहन्ना १४: २७ | ममा प्रभु येशूको शान्ति छ। |
| यूहन्ना १५: १६ | प्रभु येशूले मलाई असल फल फलाउन नियुक्त गर्नुभएको छ जुन सदा रहिरहन्छ। |
| यूहन्ना १५:१९ | म संसारको होइन। |
| यूहन्ना १७:२२ | ममा प्रभु येशूको महिमा छ। |
| यूहन्ना १७:२३ | म प्रभु येशूसंग एक छु। |
| प्रेरित १:८ | मैले पवित्र-आत्मा पाएको छु। |
| प्रेरित १७:२८ | म ख्रीष्टमा जीउँछु, वहाँमा चल्दछु अनि वहाँ नै मेरो आस्था हुनुहुन्छ। |
| रोमी ३:२२ | ख्रीष्ट येशूमा भएको मेरो विश्वास नै परमेश्वरप्रतिको मेरो धार्मिकता हो। |
| रोमी ६:२ | पापदेखि म मरेको छु। |
| रोमी ६:३ | प्रभु येशू ख्रीष्टको मृत्युसंगै मेरो बप्तिस्मा भएको छ। |
| रोमी ६:४ | म प्रभु येशूसंगै वहाँको मृत्युमा (गाडिएको) दफन भएको छु। |
| रोमी ६:५ | म पूर्णरूपले प्रभु येशूमा एक भएको छु। |
| रोमी ६:१८ | मैले पापदेखि पूरा छुटकारा पाएको छु। |
| रोमी ६:१८ | म धार्मिकताको दास हुँ। |
| रोमी ७:४ | म व्यवस्थाको निम्ति मरिसकेको छु। |
| रोमी ७:४ | म ईश्वरीयताको निम्ति फल फलाउने छु। |
| रोमी ८:२ | मलाई ख्रीष्टमा जीवनको आत्माको व्यवस्थाले पाप र मृत्युक व्यवस्थाबाट स्वतन्त्र गरेको छ। |
| रोमी ८:५ | म आत्माको अधीनमा जिउँछु र आत्माको अनुसार मे मनलाई स्थिर गराउँदछु |
| रोमी ८:६ | मेरो मन प्रभुको आत्माले नियन्त्रण गरेको छ। |
| रोमी ८:१४ | म प्रभुको आत्माद्वारा डोऱ्याएको छु। |

| | |
|---|---|
| रोमी ८:१५ | मैले परमेश्वरको धर्म पुत्र हुने आत्मा पाएको छु। |
| रोमी ८:१७ | म येशू ख्रीष्टसंग कष्टको सहयोगी हुन्छु जसबाट उहा महिमाको पनि साझेदार बन्न सक्छु। |
| रोमी ८:२६ | पवित्र-आत्माले मेरो कमजोरीमा सहायता गर्नुहुन्छ। |
| रोमी ८:१ | म ख्रीष्ट येशूमा भएको हुनाले मलाई दण्डको आज्ञा छैन। |
| रोमी ८:२९ | म प्रभु येशू जस्तै हुनलाई परमेश्वरले अधिबाटै चुन्नु भए छ। |
| रोमी ८:३१ | परमेश्वर मेरो निम्ति हुनुहुन्छ। |
| रोमी ८:३७ | म प्रभु येशूको कारण विजयी भन्दा पनि महान छु। |
| रोमी ८:३९ | कुनै पनि कुराले मलाई परमेश्वरदेखि अलग गर्न सक्दैन। |
| रोमी ९:१२ | म परमेश्वरबाट बोलाईएको छु। |
| रोमी १३:१४ | म प्रभु येशूलाई धारण गर्छु। |
| १ कोरिन्थी १:९ | म मेरो 'प्रभु' येशू ख्रीष्टको संगतिमा बोलाईएको छु। |
| १ कोरिन्थी ६:२० | म मेरो आफ्नो होइन तर प्रभु येशूको अमूल्य रगतले किनिए छु। |
| १ कोरिन्थी १२:१३ | म एउटै आत्मा र शरीरमा ख्रीष्ट येशूसंग बप्तिस्मा भएको छ |
| २ कोरिन्थी ९:८ | सबै कुरामा हर समय प्रशस्त भएर प्रत्येक असल काम भरपूरी भई बढ्दै जानलाई परमेश्वरले मलाई सबै अनु प्रशस्तगरी दिनु हुन्छ। |
| २ कोरिन्थी ९:११ | हरेक कुरामा सारा उदारताले म धनी हुनसक्छु। |
| गलाती २:२० | म ख्रीष्टसंग क्रूसमा टाँगिएको छु, तापनि म जिउँदिन त्य भएता पनि मता होइन तर ख्रीष्ट ममा जिउँनु हुन्छ, र उ जीवन म अहिले शरीरमा जिउँछु परमेश्वरको पुत्र विश्वासमा जिउँछु, जसले मलाई प्रेम गर्नु हुन्छ, र मेरो निर्मि आफूलाई समर्पण गर्नुभयो |
| गलाती ३:११ | म धर्मी बनाइएको छु अनि विश्वासद्वारा जिउँछु। |

| | |
|---|---|
| गलाती ३:१३ | ख्रीष्टले मलाई व्यवस्थाको श्रापबाट मोल तिरेर छुट्टायाउनुभयो । |
| गलाती ३:२६ | म ख्रीष्ट येशूको विश्वासद्वारा परमेश्वरको पुत्र/पुत्री हुँ । |
| गलाती ३:२७ | मैले ख्रीष्टमा बप्तिस्मा भएर उहाँलाई धारण गरेको छु । |
| गलाती ३:२८ | म सबै विश्वासीहरूसंग ख्रीष्ट येशूमा एक हुँ । |
| गलाती ३:२९ | म ख्रीष्टको हुँ अनि अब्राहमको वंश हुँ, र प्रतिज्ञा अनुसारको हकवाला पनि हुँ । |
| गलाती ४:६ | परमेश्वरले उहाँको पुत्रको आत्मा मेरो हृदयमा पठाउनु भएको छ । |
| गलाती ५:२२ | ममा पवित्र-आत्माको फलहरू छन् । |
| गलाती ५:२४ | मैले मेरा पापी इच्छाहरू र लालसाहरूलाई क्रूसमा टाँगेको छु । |
| एफिसी १:३ | म स्वर्गीय राज्यको निम्ति ख्रीष्टद्वारा आशिषमय भएको छु । |
| एफिसी १:४ | म संसारको उत्पति भन्दा अघि बाटै उहाँको प्रेममा पवित्र र निष्कलङ्क हुन चुनिएको हुँ । |
| एफिसी १:५ | मलाई उहाँको इच्छा र अभिप्राय अनुसार आफ्नो निम्ति ख्रीष्ट येशूमा धर्मपुत्र हुनलाई अघिबाटै नियूक्त गर्नु भयो । |
| एफिसी १:७ | ख्रीष्टमा उहाँको रगतद्वारा उद्धार पाएको छु । उहाँको अनुग्रहको धनअनुसार मेरा अपराध र पापहरू क्षमा भएको छ । जुन अनुग्रहमा उहाँको सारा ज्ञान र समझमा मलाई प्रशस्त तुल्याउनु भएको छ । |
| एफिसी १:१३ | सत्यको वचन अर्थात उद्धारको सुसमाचारद्वारा ख्रीष्टमा प्रतिज्ञाको पवित्र-आत्माले ममा छाप लागएको छ । |
| एफिसी २:६ | मलाई उहाँसंगै उठाउनु हुन्छ र उहाँसंगै स्वर्गीय स्थानमा बसाउनु हुन्छ । |
| एफिसी २:१० | म ख्रीष्ट येशूमा रचना गरिएको साथै परमेश्वरले असल कामका निम्ति अघिबाटै उहाँको सहकर्मी हुनलाई तयार पार्नु भएको एउटा पात्र हुँ । |

| | |
|---|---|
| एफिसी २:१९ | ख्रीष्ट येशू स्वंय नै मुख्य कुने ढुङ्गो हुनु भएकोले परमेश्व राज्यको निम्ति प्रेरित र भविष्यबक्ताहरू सरह म पनि खी बसालिएको एउटा स्वर्गीय नागरिक हुँ । |
| एफिसी २:२२ | म यसरी बनाईको छु जहाँ मेरो परमेश्वरले उहाँको आत्मा ममा बास गर्नु भएको छ । |
| फिलिप्पी १:६ | परमेश्वरले ममा एउटा असल काम शुरू गर्नु भएको उहाँले नै येशू ख्रीष्टको दिनसम्म पूरा गर्नु हुनेछ । |
| फिलिप्पी १:२१ | मेरो निम्ति जिउनु ख्रीष्ट हो भने मर्नु चाँहि लाभ हो । |
| फिलिप्पी ४:१३ | ख्रीष्ट येशूद्वारा म सबै काम गर्न सक्छु, जसले मलाई दिनुहुन्छ । |
| फिलिप्पी ४:१९ | मेरो परमेश्वरले ख्रीष्ट येशूमा उहाँको सम्पती अनुसार सारा अभावहरूलाई पूरा गर्नु हुन्छ । |
| कलस्सी १:१३ | उहाँले मलाई अन्धकारको शक्तिदेखि छुटाई आफ्नो पु राज्यमा प्रवेश गराउनु भएको छ । जसमा मेरो उद्धार अ पापको क्षमा भएको छ । |
| कलस्सी २:२० | म यस संसारको तत्व ज्ञानबाट ख्रीष्टसंगै मरेको छु । |
| कलस्सी ३:१ | म मेरो प्रभु ख्रीष्ट येशूसंगै ब्युँतिएको छु त्यसर्थ म स कुराहरूमा मन लगाउँछु जहाँ मेरो प्रभु पिताको द बहुलीपट्टि हुनुहुन्छ । |
| कलस्सी ३:२ | म ख्रीष्ट येशूसंगै ब्युँतिएको छु त्यसकारण म संसारको व होइन तर माथिका (स्वर्गीय) कुरामा मेरो मन लगाउँ यसर्थ मेरो जीवन अब ख्रीष्ट परमेश्वरमा लुकेको छ । |
| कलस्सी ३:१२ | म परमेश्वरले चुन्नु भएको पवित्र र प्रिय जन हुँ, त्यस सहानुभूतिको हृदय, दया, नम्रता, विनय, सहनशीलता गर्दछु । |
| १ थिस्सोलोनिकी ४:७ | परमेश्वरले मलाई पवित्र जीवन जिउनलाई बोलाउ भएको छ । |
| १ थिस्सोलोनिकी ५:५ | म दिनको र उज्यालोको बालक हुँ, रात र अन्धका होइन । |

| | |
|---|---|
| २ थिस्सोलोनिकी ३:३ | मेरो परमेश्वर विश्वास योग्य हुनुहुन्छ, उहाँले मला दुष्टबाट बचाउनु हुन्छ। |
| २ तिमोथी १:१२ | जे म परमेश्वरलाई सुम्पन्छु त्यो सुरक्षित राख्नलाई उह सामर्थी र विश्वासयोग्य हुनुहुन्छ। |
| हिब्रु २:१५ | मैले मृत्युको त्रास र दासत्वदेखि छुटकारा पाएको छु। |
| हिब्रु २:१७ | प्रभु येशूले मेरा पापहरूको प्रायश्चित गर्नुभयो। |
| हिब्रु ९:१४ | येशूको रगतले मेरो विवेक शुद्ध भएको छ। |
| हिब्रु १०:१४ | उहाँले मलाई पवित्र बनाई अनि सँधैको निम्ति सिद्ध गराउ भएको छ। |
| १ पत्रुस २:९ | म एउटा चुनिएको जन राजकीय पुजाहारी, पवित्र जाति परमेश्वरको निजी प्रजा हुँ। |
| २ पत्रुस १:३ | परमेश्वरको ईश्वरीय शक्तिले जीवन र भक्तिसँग सम्बन राख्ने, मलाई उहाँको आफ्नै महिमा र पुण्यले बोलाउनु हुने उहाँको ज्ञानद्वारा सबै कुरा मञ्जुर गर्नु भएको छ। |

यी माथिका जीवित वचनहरू बाहेक पनि धेरै-धेरै वचनहरू छन्। माथिका वचनहरूले तपाईको जीवनमा आवश्य मार्ग दर्शन गर्नेछन्। अत: तय हुनुहोस् र तपाईको प्रतिक्षामा रहेका ती "जीवित वचनहरू" लाई आफ्नो हृदय राख्नुहोस्।